"समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

गाउँसभामा बकैया गाउँपालिकाका उपाध्यक्ष श्री भक्तबहादुर खत्रीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/८१ को बकैया गाउँपालिकाको नीति तथा कार्यक्रम

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०८० साल असार १० गते

आदरणीय सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्यज्यूहरु,

१. यस नवौं गाउँसभाको प्रथम बैठकमा सम्बोधन गर्दै गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवान्वित छु। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका बलिदानिपुर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।साथै, बेपत्ता योद्धा, घाईते अपाङ्ग सहिद तथा बेपत्ता परिवार एवम् मुलुकको राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने आदरणिय नेताहरुसहित सम्पुर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. नेपालको संविधान, संघ र प्रदेश सरकार एवम् यस गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दीगो विकासको लक्ष्य, राजनीतिक दलहरुको चुनावी घोषणा, महामहिम राष्ट्रपतिबाट २०८० जेठ ५ मा संघीय संसदमा प्रस्तुत संघीय सरकारको नीति तथा कार्यक्रम, माननीय प्रदेश प्रमुखबाट २०८० जेठ १४ मा बागमती प्रदेश सभामा प्रस्तुत बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको मौलिक विशेषता र स्थानीयबासीको आकाङ्क्षा, राजनीतिक दल र नागरिक समाजवाट प्राप्त सुझावहरु समेतको आधारमा सम्पूर्ण नागरिकको सर्वाङ्गीण हित गर्दै हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै विकास निर्माणलाई गति तथा रुपान्तरण गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

आदरणीय सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्यज्यूहरु,

३. गाउँपालिकामा ऐलानी जग्गामा बसोबास गर्दै आएका अव्यवस्थित बसोबासी, भूमिहिन दलित तथा सुकुम्वासीहरुलाई जग्गा दर्ता प्रमाणपुर्जा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत तथ्यांक संकलन भई नापीनक्साको कार्य भईरहेकोमा उक्त कार्य सम्पन्न गरी कम्तिमा आफ्नो तथा परिवारको नाममा समेत कुनै जग्गा नरहेका भूमिहिन दलित तथा सुकुम्वासीहरुलाई राष्ट्रिय भुमि आयोगसँग समन्वय गरी जग्गा दर्ता प्रमाणपुर्जा वितरण गरिनेछ ।साथै २०३२ साल भन्दा अगाडि नाप नक्सा भई हालसम्म जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको जग्गाहरुको जग्गा दर्ता प्रमाणपुर्जा प्रदान गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

४. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको संकलन गरी गाउँपालिका स्तरीय आयोजना बैंक स्थापना गरिनेछ । आयोजना बैंकमा समावेश भएका योजनाहरुलाई प्राथमिकताको आधारमा क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

५. पालिकालाई शान्ति सुरक्षा कायम गराउन नगरप्रहरी को व्यवस्था गरिनेछ । जसको लागि नगर प्रहरी ऐन तथा नियम जारी संगठन संरचना निर्माण गरिनेछ ।

६. स्वच्छ खानेपानी माथि सबैको पहुँच सुनिश्चिताको लागि पालिकास्तरीय खानेपानी बोर्ड/ समिति गठनको प्रक्रिया अगाडि बढाईनेछ । साथै पालिकाको WASH Plan तयार गरी लागु गरिनेछ । ***एक घर एक धारा*** नीतिलाई निरन्तरता दिईनेछ।

७. सार्वजनिक सेवामा युवा जनशक्तिलाई आकर्षित गर्न **Know your Local Government** कार्यक्रम लागु गरिनेछ । जसको लागि पालिका तथा वडा कार्यलायहरुमा कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरुलाई कम्तिमा १५ दिनको **internship** (ईन्टर्नसिप) कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

८. हात्तिसुडें डिप बोरिङ्ग तथा सनोथली लिफ्ट सिंचाई आयोजनालाई सम्पन्न गरी संचालनमा ल्याईनेछ ।

९. बकैया गाउँपालिकाको सेवाप्रवाहलाई चुस्त दुरुस्त र सहज बनाउन गाउँपालिकाको प्रशासकीय भवनलाई पुर्णता दिईनेछ। साथै आवश्यक साधन स्रोतको व्यवस्था गरी प्रविधि मैत्री सेवा प्रवाहमा जोड दिईनेछ ।

१०.प्रभावकारी सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिका तथा पालिका अन्तर्गतका सबै सरकारी निकायहरुमा ई-हाजिरीको व्यवस्था गरिनेछ।

११.बकैया खोला तथा सिमात खोला करिडोर निर्माणको लागि आवश्यक पहल गरिनेछ । साथै बागमती नदी, सुकौरा खोला, ठाटि खोला, हिरामुनी खहरे, चम्पाखहरे, सुनाचुरी खोला, धन्सार खोला, चाँदिखोला लगायतका खोलाहरु नियन्त्रण गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

१२.हरेक वडाको एक वस्तीलाई सरसफाईमा नमुना वस्तीको रुपमा विकसित गर्न आवश्यक पहल गरिनेछ। साथै गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनको लागि निश्चित क्षेत्र तोकि व्यवस्थित गरिनेछ ।

१३.स्थानीय भाषा, कला, साहित्य संस्कृति, पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्बर्द्धन गर्न संग्रहालय निर्माण गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।साथै माझी संग्रालय निर्माण कार्यलाई पूर्णता दिइनेछ ।

१४.गाउँपालिका स्तरीय झरना-बकैया वाङमय प्रतिष्ठान गठन तथा भौतिक संरचना निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

१५.जोखिममा रहेका बस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार संरक्षण, सम्वर्धन तथा स्थानान्तरणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।

१६.सभ्य समाज निर्माण तथा समग्र विकासलाई प्रभावकारी बनाउन सबै वडामा टोलविकास संस्था गठन गरिनेछ। साथै त्यस्ता टोल विकास संस्थालाई गाउँपालिकाको समग्र विकासमा सहचारिको रुपमा क्रमशः अघि बढाइनेछ ।

१७.सहभागितामूलक विकासलाई सार्थक रुप दिन उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा लागत साझेदारीलाई अनिवार्य गरिनेछ । साथै लागत साझेदारीको अनुपात क्रमशः वृद्धि गर्दै लगिनेछ। विकास निर्माणमा नागरिकको सहभागिता अधिवृद्धि गर्न श्रमदानलाई प्रोत्साहन गरिनेछ ।

१८.गाउँपालिका क्षेत्रको सार्वजानिक जग्गाहरु पहिचान, संरक्षण, सम्बर्धन तथा उपयोगको लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

१९.गाउँपालिकाको मुख्य सडकहरु हात्तीसुँडे-शिखरपुर-मन्थली हुदै ललितपुर जोड्ने सडक, ठिँगन-हात्तीसुडें सडक, जुरेली-थली हुँदै सिमाता घुम्ती जोड्ने सडक, श्रीपुर पावस कर्मचुली सुधा ज्यामिरे गढवान हुदै मधेश प्रदेश जोड्ने सडक, बकैया ६ दोभान सिंगापुर माथिल्लो ज्यामिरे गवरस्थान हुदै रतनपुरी जोड्ने सडक, बागदेव-

सरस्वती ट्वाङ ट्वाङ हुदै २ नम्बर वडा कार्यालय जोड्ने सडक, भिरकोट-हात्तिखोला-हर्दा-कत्लेखोला-मामदमार-हिरामुनी हुँदै बागमती जोड्ने सडक, सुधा-साततले हुँदै दोभान जोड्ने सडक तथा विजलडाँडा-धियाल पाइदुरे सडकलाई मुख्य सडकको रुपमा विकास गरि क्रमश: स्तर उस्तरोन्नती गरिदै लगिनेछ। साथै प्रत्येक वडा केन्द्र देखि प्रत्येक गाउँसम्म न्यूनतम मापदण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२०. गाउँपालिका भित्र ट्र्याक ओपन भइसकेका सडकहरुलाइ बाह्रै महिना चल्ने बनाउन आवश्यक पर्ने हेभि ईक्विपमेन्ट (Backhoe Loader) खरिद तथा व्यवस्थापन गरी सडकहरुको क्रमानुगत तवरले स्तरोन्नती गर्दै लगिनेछ। साथै सडकहरु स्ल्याब ढलान र पीचको कार्यलाई प्राथमिकता दिइनेछ ।

२१. दिगो र भरपर्दो सडक पुर्वाधार निर्माणको लागि गुणस्तर मापन गर्न पालिकामै मिनिल्यावको स्थापना गरी संचालन गरिनेछ।

२२. बकैया गाउँपालिकाका स्थित विद्युतको पहुँच नपुगेको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । साथै भोल्टेज सुधार तथा काठको पोल हटाउने अभियान संचालन गरीनेछ ।

२३. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्कीपुल, वेलीवृज तथा झोलुङ्गे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकार र अन्य संघ संस्थाहरुसँग समन्वय गरि अघि बढिईने कार्यलाई निरन्तरता दिईनेछ।

२४. भवन निर्माणलाई व्यवस्थित गर्न तयार भएको गाउँपालिकाको शहरी विकास मापदण्ड तथा भवन निर्माण संहिता अनिवार्य रुपमा लागु गरी घर नक्सा पास कार्यलाई व्यवस्थित गरिनेछ।

२५. गाउँपालिका भित्र संचालन गर्न सकिने बृहत तथा विभिन्न प्रविधिका सिंचाइ परियोजनाहरुको विस्तृत आयोजना अध्ययन प्रतिवेदन तयार गरी आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा प्रदेश तहमा पहल गरिनेछ ।त्यसका लागि लागत साझेदारीमा पनि कार्यक्रम लागु गरिनेछ ।

२६. चटयाङ्गको सुरक्षाका लागि अति संवेदनसील क्षेत्रमा लाईटिङ्ग एरेष्टरको प्रयोग गरि चटयाङ्वाट वर्षेनी भइरहेको मानवीय क्षतिलाई न्यूनीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलधार क्षेत्रको संरक्षणका साथै वनजङ्गलमा लोप हुँदै गएका जडिबुटी तथा फलफुलजन्य वोटविरुवाहरुको संरक्षण

CamScanner

तथा संवर्द्धन गर्न आवश्यक पहल गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिहरुको लागि वन तथा समुदायमा आधारित अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै सामुदायिक वन उपभोक्ता समितिहरुलाई व्यस्थित वनाउदै संरक्षण सम्वर्धन र उत्पादन, उपभोग तथा जीविकोपार्जन आय आर्जन वृद्धि विकास गर्नको लागि छुट्टै शाखाको स्थापना गरिनेछ ।

२८. गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजानिक शौचालय तथा प्रतिक्षालय निर्माण कार्यलाई अगाडि बढाईनेछ।

२९. बकैया गाउँपालिकामा सार्वजनिक-नीजि साझेदारीमा मझौला तथा ठुला उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

३०. नियमित रुपमा समिक्षा, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनलाई प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१. चालु खर्च कटौती गर्दै खर्चमा मितव्ययिता अपानाईनेछ साथै भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ। बेरुजु नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

३२. करको दायरा विस्तार र राजश्व चुहावट नियन्त्रणको लागि राजश्व सम्वन्धि सूचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित वनाउदै विद्युतीय प्रणालीको स्थापना तथा संचालन गरिनेछ। पालिकाको आयमा आन्तरिक आयको योगदान क्रमश वृद्धि गर्दै लगिनेछ। साथै आयमा आन्तरिक आय वृद्धिका लागि सरोकारवालाहरु सँग छलफल अन्तरक्रिया गरिनेछ ।

३३. न्यायमा समान पहुँच स्थापित गर्न वडास्तरीय मेलमिलाप केन्द्रलाई प्रभावकारी बनाईनुका साथै मेलमिलाप कर्ताहरुको क्षमता अधिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

३४. यस गाउँपालिकाको दक्षिण भाग स्थित वडा नं. १ को श्रीथली, ख्याकु, मोरङ्गे, ईपिलवस्ती, रजुवा वडा नं. २ को धरापे र मोहरी तथा वडा नं. ६ को भालुखोला, भक्तलाल, बुङ्जर, रामथली, उपचौरथली, खोपिल्टो, गडवान, गवरस्थानसङ्ग बारा तथा रौतहट जिल्लाको सीमा सम्बन्धी समस्या रहेकोमा सो समस्या निरुपणको लागि नेपाल सरकार तथा सम्बन्धित निकायहरुसँग समन्वय तथा आवश्यक पहल गरिनेछ ।



CamScanner

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

३५. कृषि तथा पशुपालन क्षेत्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक, सहकारी तथा कम्पनी/फर्म मोडलको कृषि व्यवसायलाई प्रोत्साहन गरिनेछ। साथै कृषि तथा पशुपंक्षिजन्य उत्पादन वृद्धि गर्न पकेट क्षेत्र घोषणा कार्यक्रममा निरन्तरता दिंदै थप विस्तार गरिनेछ ।

३६. गाउँपालिकालाई कृषिजन्य तथा पशुपालनजन्य उत्पादनमा आत्मनिर्भर बनाउन बकैया कृषि औद्योगिक ग्रामको साईलेज तथा दाना उद्योगको भौतिक संरचना निर्माण सम्पन्न गरी यथासीघ्र संचालनमार्फत कृषकलाई सहुलियत दरमा साईलेज तथा दाना उपलव्ध गराईनेछ । साथै औद्योगिक ग्राममा स्थापना हुने जैविक मल उद्योग कारखाना, कृषि औजार कारखाना तथा घाँसको नर्सरी लागयतका भौतिक संरचाना निर्माणलाई संघीय सरकार तथा प्रदेश सरकार समेतको सहयोगमा यथाशिघ्र निर्माण कार्य सम्पन्न गरिनेछ ।

३७. मुख्य फलफुल, अन्न बाली तथा तरकारीको उन्नत वीउविजन प्रदर्शनीको लागि ***कृषि प्रर्दशनी केन्द्र*** स्थापनालाई पूर्णता दिईनेछ । साथै उक्त केन्द्रबाटै फलफुलको विरुवा तथा तरकारीको वेर्ना वितरणको व्यवस्था मिलाईनेछ ।

३८. कृषिजन्य उंत्पादनको प्रशोधन, ब्रान्डिङ र बजारीकरणलाई प्रोत्साहन गरिनेछ। कोभिडको कारण बन्द भएका वडा न. ३ को बकैया रंगशालाको माथिल्लो भेग थोकरटोल, वडा नं. ४ को जुरेली हाटबजार, वडा नं. ७ को हात्तिखोला तथा वडा नं. ६ को जुईना हाटबजारलाई पुनः सञ्चालनमा ल्याई पालिकास्तरीय हाटबजारको रुपमा विकास गरिनेछ। साथै ***एक वडा- एक हाटबजारको*** व्यवस्था मिलाईनेछ ।

३९. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गर्दै सिंचाइ, मलखाद, वीउ विजनको उपलब्धतामा जोड दिइनेछ। साथै सामुदायिक वनमा आधारित उद्यम र बाँझो तथा खाली जमिनमा फलफुल, जडिबुटी, वेदवाँस

वृक्षारोपणको कार्यक्रम अन्य संघ संस्थाहरुसङ्गको समेत सहकार्यमा सञ्चालन गरिने छ ।

४०. व्यवसायिक पशुजन्य उत्पादनलाई प्रोत्साहन गर्न *एक वडा एक आधुनिक पशुपालन व्यवसायिक फर्म* को विकास गर्न पहल गरिनेछ।

४१. *बाँझो जग्गा हरियाली बनाऔं, आफ्नो गाउँपालिकाको उत्पादन देश विदेशमा पुर्याउ* अभियान संचालन गरिनेछ ।

४२. सम्पूर्ण बाँझो जग्गाको यथार्थ लगत राख्न भूमी बैंक स्थापना गरिनेछ। साथै बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन गर्दै करार खेती कार्यक्रम लागु गरिनेछ।

४३. सम्भाव्यताको आधारमा *एक वडा एक बारी, फलफूल र तरकारी* कार्यक्रम संचालन गरी व्यवसायिक उत्पादनमा जोड दिईनेछ।

४४. सस्तो भान्सा सुधार कार्यक्रम अन्तर्गत मौलिक भान्सा विकास लागि *एक घर एक करेसावारी* को नीति लिईनेछ ।

४५. कृषि उत्पादनमा वृद्धि गर्न लिफ्ट सिँचाइ, डिप बोरिङ, साना सिँचाइ, प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४६. प्रमुख खाद्यान्न वालीको गुणस्तरीय उन्नत वीउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका वीउहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

४७. बकैया कृषि औद्योगिक ग्राममा कृषि तथा पशुजन्य सामाग्री संकलन तथा विक्री वितरण केन्द्रको स्थापना गरी संचालन गरिनेछ ।

४८. गरगरेमा रहेको कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रको पुनःसंरचना गरी व्यवस्थित बनाईनेछ ।साथै कृषि तथा पशुपन्क्षी प्रयोगशालाको स्तरोन्नति गरिनेछ ।

४९. पशुपंक्षीहरुमा लाग्ने विभिन्न सङ्क्रामक रोगहरु विरुद्ध खोपको सुनिश्चितता गर्दै नश्ल सुधार तथा उन्नत जातको पशुपालनलाई प्रवर्द्धन गरिनेछ । साथै रैथाने/स्थानीय जातका पशुपंक्षीहरुको संरक्षण तथा उत्पादनमा जोड दिँदै आनुवांशिक स्रोत संरक्षण, प्रवर्धन गर्ने कार्यक्रम लागु गरिनेछ ।

५०. कृषकहरुलाई वित्तिय लगानीमा पहुँचकोलागि कृषि ऋणकोषको व्यवस्था गरी बैंक तथा वितिय संस्थाहरु, सहकारी संस्था र गाउँपालिकाको त्रिपक्षिय सम्झौतामा किसान कर्जा कार्ड वितरण गरिनेछ ।

५१. कृषि तथा पशुजन्य उत्पादन वृद्धि गर्नको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५२.कृषि तथा पशुजन्य उत्पादनको सम्भाव्यता अध्ययनको लागि विश्वविद्यालय, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, कृषि तथा पशु ज्ञान केन्द्र लागायतका निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

५३.कृषि तथा पशुपंक्षि वीमा कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।

५४.सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासको लागि आवश्यक पहल गरिनेछ ।साथै सहकारी संस्थाको संस्थागत क्षमताको अभिवृद्धि गर्दै एकै प्रकृतिका सहकारीहरुलाई एक आपसमा गाभ्ने तथा गाभिने तथा निष्कृय सहकारी संस्थाहरु विघटनको नीति लाई निरन्तरता दिईनेछ ।

५५.सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरुलाई प्रवर्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तिव्रता दिदै विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ ।

५६.उत्पादन, संकलन तथा प्रशोधनमा संलग्न सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

५७.लटरम्मेश्वर महादेव मन्दिर क्षेत्र, बकैया ठाकुर मन्दिर पर्यटन पार्क, गौतम बुद्ध पर्यटन पार्क तथा धनेश्वर पर्यटन पार्कलाई मुख्य पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । साथै रुद्रस्थली पर्यटन पार्क, सत्यस्वरुप महादेव मन्दिर क्षेत्र, मोरङ्गे धयरवास झरना, भुवनेश्वर मन्दिर क्षेत्र, सरस्वती भमरा पर्यटन पार्क, नाग झरना, हात्तीसुँडे छाडन पिकनिक पार्क, सेलडाँडा पर्यटन पार्क, छत्रेश्वर मन्दिर, गितावर वाल उद्यान, कुटि भकारी मन्दिर, नौखामे नार्गेल डाँडा दुधेश्वर महादेव मन्दिर, सत्तेश्वार महादेव मन्दिर, सिमात झरना जस्ता रमणीय क्षेत्रको विकास विस्तार गर्दै गाउँपालिकाका अन्य स्थानमा पर्यटन क्षेत्रको विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

५८.बकैया गाउँपालिका क्षेत्रभित्र साहसिक पर्यटन प्रवर्द्धनको लागि सम्भाव्यता अध्ययनको प्रकृया अगाडी बढाइनेछ ।

५९.सरकारी-नीजि साझेदारीमा परम्परागत कृषिलाई प्रविधिको मध्यमबाट वडा नं. ११ लगायतका स्थानहरुमा नमुना कृषि पर्यटन विकास कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ ।

६०.आन्तरिक पर्यटन प्रवर्द्धन तथा कर्मचारीहरुलाई प्रोत्साहन गर्न पर्यटन काजको व्यवस्था मिलाईने ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

६१.गाउँपालिका स्तरको १५ शैयाको बकैया आभारभुत अस्पतालको भौतिक संरचना निर्माण कार्यलाई द्रुतगतिमा अगाडि बढाईनेछ ।

६२.नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई सफल पार्न आवश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु व्यवस्थित गरी आवश्यकता अनुसार थप गरिनेछ । नो होम डेलिभरीलाई बढावा दिन गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, निशुल्क ल्याब सेवा, यातायात सुविधा लगायत सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने विविध कृयाकलापहरुलाई निरन्तरता दिईनेछ ।साथै सबै नागरिकहरुलाई निशुल्क रक्तसंचार सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

६३.२४ घण्टे आकस्मीक सेवालाई नियमित र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धी कार्यक्रमहरुलाई बहुक्षेत्रीय लगानीका रुपमा निरन्तरता एवं पूर्ण पोषणयुक्त गाउँपालिका, पूर्ण खोप, पूर्ण संस्थागत प्रसुति बनाउनुका साथै परिवार नियोजनका साधनको प्रयोग दरलाई बढाई कुल प्रजनन् दरमा कमी ल्याइनेछ । उल्लेखित सेवाहरुलाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा विस्तार तथा सव वहानको व्यवस्था गर्नुका साथैं दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था समेत गरिनेछ । प्रसुती सेवाको लागि दिइने प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

६४.स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ । साथै द्वन्द्ध पीडित तथा असहाय बालबालिकालाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराईनेछ। द्वन्द पीडितहरुलाई परिचय पत्र व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

६५.क्षयरोग, भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा अन्तरक्रिया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु सञ्चालन गरि स्वास्थ्यका विषयवस्तुमा सबै नागरिकहरुलाई सुसूचित गराईनेछ ।

६६.सरुवा रोगको साथ साथै नसर्ने रोगहरुको रुग्ण दरमा कमी ल्याउने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

६७.महिला स्वास्थ्य स्वयमसेविकाको कार्यलाई प्रभावकारी बनाईनेछ । महिला स्वास्थ्य स्वयम सेविका कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

६८.मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।



CamScanner

६९.बालविवाह, जातिय विभेद, सामाजिक कुरीति, घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन, विद्युतिय अपराध विरुद्धको अभियानलाई व्यापक रुपमा संचालन गरिनेछ ।

७०. गाउँपालिकालाई लागुपदार्थ मुक्त गाउँपालिकाको रुपमा स्थापित गरिनेछ । सो को लागि लागु पदार्थ दुर्व्यसनी विरुद्धको अभियानलाई व्यापक बनाउन संघ, प्रदेश, नीजि क्षेत्र तथा विभिन्न संघ संस्थाका साथै समुदायसँग सहकार्य गरिनेछ। साथै मद्यपान (जाड रक्सी) विक्रि वितरण जस्ता कार्यमा व्यवसायिक रुपमा संलग्न व्यक्ति तथा परिवारकोलागि वैकल्पिक व्यवसायको कार्यक्रम ल्याईनेछ ।

७१.अपाङ्गता भएका व्यक्तिहरुका लागि Corrective Surgery (करेक्टिभ सर्जरी) तथा आवश्यकताको आधारमा सहायक समाग्री वितरण तथा अपाङ्गमैत्री विकासलाई निरन्तरता दिईनेछ ।

७२. खोप केन्द्र भवनको निर्माण कार्यलाई निरन्तरता दिईनेछ । साथै पूर्णखोप तथा जन्मदर्ता प्रोत्साहन कार्यको थालनी गरिनेछ ।

७३.मानव जीवनको अन्तिम समयमा प्रदान गरिने ग्रामिण प्रशामक सेवालाई निरन्तरता दिईनेछ ।

७४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाती, पछाडि परेको वर्ग तथा समुदाय, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक लक्षित वर्ग उत्थान कार्यक्रम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन लाई निरन्तरता दिईनेछ ।

७५.दलित, अल्पसंख्यक तथा पछाडि परेका वर्ग तथा समुदायको लागि विशेष सीप विकास तालिमको व्यवस्था गरिनेछ ।

७६.बालमैत्री शासन अभियानलाई दिगोपनाका लागि बालमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै गाउँपालिकाको सामाजिक विकास शाखा मातहत रहने गरि बालमैत्री सिकाई केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

७७.१० वर्षे जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग र सहिद परिवार सहित वहिर्गमित परिवारलाई राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन जीविकोपार्जनमा सहयोग गरिनेछ ।

७८.समृद्ध बकैया निर्माणको सपनालाई साकार बनाउन एक वडा एक नमूना उद्यमशिल कार्यक्रम संचालन गरिनेछ ।



CamScanner

आदरणीय सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्यज्यूहरु,

७९.सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट मात्र पठनपाठन गर्ने व्यवस्था क्रमशः विस्तार गर्दै लगिनेछ ।

८०.समुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार तथा संस्थागत विकासगरी विद्यार्थीमैत्री वातावरणको विकास गरिनेछ। साथै खानेपानी, शौचालय तथा विद्यालय भवन निर्माणमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

८१.शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विषय शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता, गाउँ शिक्षा समितिहरुलाई आ-आफ्नो भुमिका, उत्तरदायित्व, सीप विकास लगायत जिम्मेवारी वहन गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

८२.विपन्न नागरिकलाई स्वास्थ्य उपचार र शिक्षामा पहुँच अभिवृद्धि गर्न विपन्न नागरिक सहायता कोष स्थापना गरिनेछ । साथै विपन्न नागरिक सहायता कोष संचालन कार्यविधि बनाई लागु गरिनेछ ।

८३.अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कक्षा अवलोकन, पृष्टपोषणलाई जोड दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गरिनेछ।

८४.शिक्षामा सुधार तथा पहुँच अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुलाई क्रमश आवश्यकताको आधारमा आवासीय विद्यालयको रुपमा विकास गरिनेछ।

८५.सामुदायिक विद्यालय सुधार कार्यक्रम अन्तर्गत प्रध्यानाध्यापक सँग कार्यसम्पादन करार सम्झौता गरीनेछ ।

८६.उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न गाउँपालिका क्षेत्रमा बहुमुखी क्याम्पस स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

८७.सामुदायिक विद्यालयको माध्यामिक तहमा फरक फरक प्राविधिक तथा व्यवसायिक शिक्षाको थालनीको लागि आवश्यक पहल गरिनेछ ।

८८.विद्यालयको दिवा खाजा कार्यक्रममा जंक फुड हटाई स्थानीय उत्पादनमा आधारित खाजालाई प्रोत्साहन गरिनेछ ।

८९.सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर सुधार गर्न पालिका अन्तर्गका विद्यालयहरुमा कार्यरत शिक्षकको आवश्यकता अनुसार नियमित अन्तर विद्यालय सरुवा गरिनेछ ।

९०.वडा नं. १२ को कान्ति माध्यामिक विद्यालयलाई स्तरोन्ती गरी कक्षा १२ सम्म पठन पाठन हुने व्यवस्था मिलाईनेछ । साथै कक्षा १० सम्म पढाई हुने सामुदायिक विद्यालयहरुलाई क्रमशः स्तरोन्नती गरी कक्षा १२ सम्म पढाई हुने व्यवस्था गरीनेछ ।

९१.सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई रचनात्मक तथा सिर्जनसिल बनाई व्यवहारीक शिक्षा प्रदान गर्न प्रत्येक शुक्रबार ***ईच्छा अनुसारको दिक्षा*** कार्यक्रम संचालन गरिनेछ ।

९२.खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास तथा स्तरोन्नती गरिदै लगिनेछ। साथै जुरेली कवर्डहल निर्माण सम्पन्नगरी संचालनमा ल्याईनेछ।

९३. कर्मचुली खेल मैदान स्तरोन्नती, जुरेली स्थित खेलकुद मैदानलाई मिनी रङ्गशालाको रुपमा विस्तार, जूईना खेलमैदानलाई क्रिकेट रंगशालाको रुपमा विकास तथा हात्तीसुडें स्थित गाउँपालिका स्तरीय रंगशालालाई स्तरोन्नती गरिनेछ। साथै एक वडा एक खेलमैदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९४.*स्वस्थ जीवनको लागि व्यायाम* भन्ने नाराका साथ कम्तिमा एक खुल्ला व्यायामशाला निर्माण गरिनेछ ।साथै मानव जीवनलाई आध्यात्म सँग जोड्न योग शिक्षा तथा योग शिविर संचालन गरिनेछ ।

९५.गाउँपालिकामा सञ्चालन हुने बकैया कप फुटबललाई निरन्तरता दिइनेछ । साथै फुटबल, भलिवल, क्रिकेट, करौंते, व्याडमिन्टन जस्ता खेल तथा खेलाडीहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

९६.बकैया गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति तथा रोजगार संवाद मञ्च निर्माण गरिनेछ ।

९७.प्रधानमन्त्री रोजगार कार्यक्रम सँग स्थानीय तहबाट सामाग्री खरीदको लागि बजेट विनियोजन गरी लागत साझेदारीमा कार्यक्रम संचालनलाई प्रोत्साहन दिईनेछ ।

९८.नेपाल सरकारको ***अबको जीवन स्वदेशमा नै*** भन्ने नाराको साथ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकिकरण कार्यक्रम अन्तर्गत वैदेशिक

रोजगारीबाट फर्केका तथा वैदेशिक रोजगारीमा मात्र संलग्न व्यवसायिक फर्म, कम्पनी तथा समुहलाई उत्पादनमा आधारीत अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

९९. वैदेशिक रोजगारीको लागि प्रदान गरिने श्रम स्वीकृति र नविकरण गर्न काठमाडौं वा विचौलिया सम्म धाउनु पर्ने विद्यमान अवस्थाको अन्त्य गर्दै रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृति तथा नविकरण सेवालाई थप प्रभावकारी बनाईनेछ।

१००. बकैया गाउँपालिका भित्र वैदेशिक रोजगारीको तथ्यांक संकलन तथा समावेश गरी वैदेशिक रोजगारीमा रहेको व्यक्तिहरुको पार्श्वचित्र तयार गरिनेछ ।

१०१. वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिइनेछ।

१०२. सञ्चारको पहुँच अभिवृद्धि गर्न मोवाईल नेटवर्क तथा ईन्टरनेट सुविधा विस्तारका लागि सम्बन्धित निकायसंग आवश्यक समन्वय गरिनेछ ।

१०३. बकैया २ कालापानी धियाल तथा बकैया ७ तल्लो सिंतान टोल गोब्रे खहरे सम्म फैलिएर रहेको युरेनियमको जोखिम न्यूनिकरणको लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ ।

१०४. बकैया ८ र ९ मा फलाम खानीको सम्भाव्यता अध्ययनको लागि नेपाल सरकार र बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१०५. गाउँपालिकामा स्थित रहेको ऐलानी तथा आंकडा जग्गा उपभोगलाई समेत राजश्वको दायरामा ल्याउन भोगचलन शुल्कको लागि आवश्यक मापदण्ड बनाई लागु गरिनेछ ।

१०६. ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरीनेछ ।साथै नदीजन्य पदार्थको उत्खनन् तथा विक्रि वितरणको कार्य मापदण्ड बमोजिम गरीनेछ ।

१०७. खरको छानामुक्त गाँउपालिका निर्माण गर्ने अभियान अन्तर्गत विपन्न वर्ग, द्वन्द्व पीडित, सहिद परिवार, सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर जस्ताको छाना छाउने कार्यक्रम अनुदानको लागि आवश्यक पहललाई निरन्तरता दिईनेछ ।

१०८. सवदाह गृह निर्माणका लागि हात्तीसुडें ल्वाहाजोर देवताखोला, बकैया-सिमात खोला तथा खुईखोला भन्दा माथि डाँडा लगायताका स्थानमा पहिचान गरी निर्माण प्रक्रिया अघि बढाईनेछ ।

१०९. अन्य स्थानीय तहसँगको समन्वय, सहकार्य र सहसम्बन्धलाई प्रवर्धन गर्न जोड दिईनेछ ।

११०. बकैया गाउँपालिका भित्र शान्ति सुरक्षा कायम राख्न मुख्य बजार क्षेत्र तथा मुख्य सडकहरुमा **CCTV** को व्यवस्था गरिनेछ ।

१११. स्थानीय तथा वडा स्तरका विपद जोखिम समितिहरु मार्फत विपद जोखिम जोखिमका लागि आपतकालिन उद्धार तथा आपतकालिन तालिम संचालन तथा आवश्यक सामग्रीहरु व्यवस्था गरिनेछ ।

११२. गाउँपालिकाको समग्र विकासको अवस्था झल्किने गरी वि.स. २०७९ देखि वि.स. २०८४ सम्म विकास गतिविधि समाहित गरी वृत्त चित्र निर्माण गरी प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

११३. सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

सम्मानित गाउँसभामा प्रस्तावित यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् यस गाउँपालिकाको राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थामा उल्लेख्य सुधार भई सामाजिक न्याय स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार तथा रुपान्तरण हुने विश्वास गरेको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई हितकारी संघ र संस्था तथा नागरिक समाजबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। गाउँपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैको महत्वपूर्ण भूमिका रहने अपेक्षा गर्दै यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरुवीच समन्वय समझदारी एवम् सहकार्यको आशा गर्दछु ।**धन्यवाद**।।।

**भक्त बहादुर खत्री**
**उपाध्यक्ष**
**बकैया गाउँपालिका**

**मितिः २०८० असार १० गते**